# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७२) काठमाडौं, भदौ २० गते, २०७९ साल (संख्या ३४

# भाग ३

नेपाल सरकार

## गृह मन्त्रालयको

## सूचना

**फौजदारी कसूर (कैद कट्टा) (दोस्रो संशोधन) नियमावली, २०७९**

फौजदारी कसूर (कैद कट्टा) नियमावली, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> : (१) यी नियमहरूको नाम "फौजदारी कसूर (कैद कट्टा) (दोस्रो संशोधन) नियमावली, २०७९" रहेको छ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **<u>फौजदारी कसूर (कैद कट्टा) नियमावली, २०७६ को नियम ५ मा संशोधन</u>** : फौजदारी कसूर (कैद कट्टा) नियमावली, २०७६ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ५ को,-

(१) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छः-

"(१क) प्रचलित कानून बमोजिम सरकार वादी भई चलेको मुद्दामा अदालतको फैसला बमोजिम कैदको सजाय पाई ज्येष्ठ नागरिक सम्बन्धी प्रचलित कानून बमोजिम कैद छुट हुन सक्ने अवधि पूरा गरेका र यस नियमावली बमोजिम कैद कट्टा हुन सक्ने ज्येष्ठ नागरिक कैदीले आफूलाई भएको कैद कट्टा गरी पाउनको लागि नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र उपनियम (१) को खण्ड (ख), (ग), (घ) र (ङ) बमोजिमका कागजात संलग्न गरी आफू कैदमा रहेको कारागार समक्ष अनुसूची-२ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।"

(२) उपनियम (२) मा रहेका "उपनियम (१)" भन्ने शब्दहरुको सट्टा "उपनियम (१) वा (१क)" भन्ने शब्दहरु राखिएका छन् ।

३. **<u>मूल नियमावलीको नियम ६ मा संशोधन</u>** : मूल नियमावलीको नियम ६ को,-

(१) उपनियम (१) को ठाउँ ठाउँमा रहेका "ऐनको दफा ३७" भन्ने शब्दहरुको सट्टा "ऐनको दफा ३७ वा ज्येष्ठ नागरिक सम्बन्धी प्रचलित कानून" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (२) र (३) मा रहेका "ऐन तथा यस नियमावली" भन्ने शब्दहरुको सट्टा "ऐन वा ज्येष्ठ नागरिक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धी प्रचलित कानून तथा यस नियमावली" भन्ने शब्दहरु राखिएका छन् ।

४. **मूल नियमावलीको नियम ७ मा संशोधनः** मूल नियमावलीको नियम ७ को उपनियम (१) मा रहेका "ऐनको दफा ३७" भन्ने शब्दहरुको सट्टा "ऐनको दफा ३७ वा ज्येष्ठ नागरिक सम्बन्धी प्रचलित कानून" भन्ने शब्दहरु राखिएका छन् ।

५. **मूल नियमावलीको अनुसूचीमा संशोधनः** मूल नियमावलीको,-

(१) अनुसूची-२ मा रहेका "नियम ५ को उपनियम (१) सँग सम्बन्धित" भन्ने शब्दहरुको सट्टा "नियम ५ को उपनियम (१) र (१क) सँग सम्बन्धित" भन्ने शब्दहरु राखिएका छन् ।

(२) अनुसूची-३ मा रहेका "फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७५ को दफा ३७ बमोजिम" भन्ने शब्दहरुको सट्टा "फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ वा ज्येष्ठ नागरिक सम्बन्धी प्रचलित कानून बमोजिम" भन्ने शब्दहरु राखी सोही अनुसूचीमा रहेका "ऐनको दफा ३७ र फौजदारी कसूर (कैद कट्टा) नियमावली, २०७५ बमोजिम" भन्ने शब्दहरुको सट्टा "सो ऐनको दफा ३७ वा ज्येष्ठ नागरिक सम्बन्धी प्रचलित कानून र फौजदारी कसूर (कैद कट्टा) नियमावली, २०७६ बमोजिम" भन्ने शब्दहरु राखिएका छन् ।

**आज्ञाले,**

**टेकनारायण पाण्डे**

**नेपाल सरकारको सचिव ।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।